नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(विद्यालय शिक्षा शाखा)

पत्र संख्याः- २०८०।८१
चलानी नं.:- ११५

सिंहदरबार, काठमाडौं, नेपाल ।

मितिः २०८०।१२।१८ गते
नेपाल सम्वत् ११४४ चिल्लागा, ६ आइतबार

**विषयः- विद्यालय भौतिक विवरण सम्वन्धमा।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ सबै ।

विगतदेखि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) भित्र Physical बटन समावेश गरी विद्यालयको जग्गा लगायत भौतिक पक्षसँग सम्वन्धित विवरण संकलन र प्रयोग हुदैं आएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् हाल उक्त प्रणाली सुदृढीकरण गरी थप व्यवस्थित बनाउने कार्य भइरहेको व्यहोरा सबैमा अवगत नै छ । गत विगत बर्षहरूको अभ्यास हेर्दा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा समावेश हुनुपर्ने विद्यालयको भौतिक विवरण पूर्ण रुपमा समावेश नभएका कारण शैक्षिक नीति, योजना, कार्यक्रम र बजेट प्रणालीमा समस्या देखिएकोले विद्यालयको भौतिक पक्षसँग सम्वन्धित सम्पूर्ण विवरण IEMIS मा अनिवार्य रूपमा भर्ने भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि तहाँ इकाइबाट आवश्यक समन्वय र सहजीकरण हुन अनुरोध छ। साथै तत्काल सामुदायिक विद्यालयको जग्गा सम्वन्धी विवरण अध्यावधिक गर्नुपर्ने भएकोले विद्यालयको नाममा दर्ता कायम भएको र दर्ता हुन बाँकी जग्गाको विवरण स्थानीय तहको सहयोग र समन्वयमा देहाय बमोजिम ढाँचामा तयार पारी सोको Hard Copy र Soft Copy **(Excel Sheet मा नेपाली Unicode प्रयोग गरी)** शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउने व्यवस्थाका लागि मिति २०८०।१२।१८ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ ।

देहाय

| सि.नं. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | जग्गाको विवरण | | विद्यालयको नाममा दर्ता कायम भए/नभएको | जग्गाको प्रयोगको अवस्था | संलग्न कागजात (लालपुर्जा, फिल्डबुक, नक्सा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**बोधार्थ एवम् कार्यार्थः**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरः- यसै बमोजिम कार्यान्वयनका लागि ।
श्री स्थानीय तह, सबैः- समन्वय सहयोग र सहजीकरण हुन ।
श्री सार्वजनिक विद्यालयहरू, सबैः- तोकिए बमोजिम विवरण उपलब्ध गराउनु हुन ।

२०८०।१२।१८
रामप्रसाद शर्मा
उपसचिव

फोन नं.:
वेबसाइटः www.moest.gov.np